**कार्यपालिका बैठक -१२**

आ.व. २०७७।०७८

आज मिति २०७७।११।१६ गते आइतबारका दिन विजयनगर गाउँपालिका अध्यक्ष श्री गोपाल बहादुर थापा मगर ज्यूको अध्यक्षतामा विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको १२ (बाह्रौं) बैठक निम्न सहभागिहरुको उपस्थितिमा बसी विभिन्न प्रस्ताव उपर छलफल गरी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

**उपस्थिति:-**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गोपाल बहादुर थापा मगर | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी चौधरी | सदस्य | |
| ३ | श्री इन्नर थारु | सदस्य | |
| ४ | श्री नेपाल थारु | सदस्य | |
| ५ | श्री बुद्धीराम अर्याल | सदस्य | |
| ६ | श्री तिलकराम कंडेल | सदस्य | |
| ७ | श्री अनवर मोहम्मद मुसलमान | सदस्य | |
| ८ | श्री प्रेम बहादुर कलवार | सदस्य | |
| ९ | श्री दिनेश कुमार चौधरी | सदस्य | |
| १० | श्री शकुन्तला भण्डारी | सदस्य | |
| ११ | श्री दमन्ती सरा राना कुमाल | सदस्य | |
| १२ | श्री सिमा वि.क. | सदस्य | |
| १३ | श्री नितु दर्जी | सदस्य | |
| १४ | श्री धनबीर सुनार | सदस्य | |
| १५ | श्री मो.मुर्तजा बढई | सदस्य | |
| १६ | श्री गोविन्द भट्टराई | सदस्य सचिव | |

**आमन्त्रित सदस्य:-**

| | | | |
|---|---|---|---|
| १ | श्री बासुदेव जमरकट्टेल | अधिकृतस्तर छैठौं | |
| २ | श्री बोधराज भुसाल | सहायक पाँचौ | |
| ३ | श्री गिर्जापती चौधरी | का. सहयोगी | |

५५५-

**कार्यपालिका बैठक -१२**

मिति:- २०७७।११।१६

**प्रस्तावहरु:-**

प्रस्ताव नं. १- भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीको लगत संकलन इकाईबाट पेश प्रस्ताव सम्वन्धमा।

प्रस्ताव नं. २- लगत संकलनको लागि म्याद थप सम्वन्धमा।

प्रस्ताव नं. ३ - पदपूर्ती सम्वन्धमा।

प्रस्ताव नं. ४- आर्थिक सहायता सम्वन्धमा।

**निर्णयहरु:-**

**निर्णय नं. १-** भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीको स्थानीय तहबाट लगत सम्बन्धी कार्यविधि, २०७७ को अनुसूची ४ को वुदा ४ को ८ को प्रयोजनको लागि गाउँपालिकाको यस गा.पा.को सबै क्षेत्रलाई ग्रामिण क्षेत्र तोक्ने निर्णय पारित गरियो।

**१( क)-** भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीको स्थानीय तहवाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ को अनुसूची ३ र ४ को ८ को प्रयोजनका लागि तपसिल बमोजिमका वस्ती तथा क्षेत्रलाई तपसिल बमोजिमको क्षेत्रमा वर्गिकरण गर्ने निर्णय पारित गरियो।

**१. आवाद लायक वा वसोवास योग्य ऐलानी जग्गा:-** सबै वडाका २ देखि १३ नं. वुदा भित्र नपरेका व्याक्तीको नाममा रहेका र संघ संस्थाले उपभोग गर्दै आए बाहेकका सबै जोतभोग गर्दै आएका वन क्षेत्र वाहिरका सबै सरकारी जग्गा।

**२. पर्ती, नदी उकास लगायतका बसोवास वा खेती योग्य सरकारी जग्गा:-** सुरही, चिरही चर्गहवा सेनुरी नदीसँग जोडिएका नदी किनारका क्षेत्र। पर्ती वडा नं. ७ को गणेशपुर र गेडुवाजोत गाउँ।

**३. साविकको वन क्षेत्र जनिएको भए पनि आवदीमा परिणत भएको क्षेत्र:-**

- वडा नं. १ का सबै गाउँ,
- वडा नं. २ का मदुवानगरदेखि उत्तर चाफा, मौवा दुधार पश्चिम, कुकुरभुकुवा, तिनघरवा, मौवावारी, गैरा, जल्लैया, वगैया, मगरघट्टा।
- वडा नं. ३ का अम्लहवा, पत्थरदेइया, डगडै पश्चिम,
- वडा नं. ४ का देउपुरा, बुद्धनगर, ज्योतिनगर, त्रिपालनगर, शंकरपुर,
- वडा नं. ६ का छुटपाटी, उज्जलपुर, भाठा, चाफा, सेमरी,
- वडा नं. ७ ढोडरी, मानपुर,

**४. धार्मिक, संस्कृतिक तथा सामाजिक महत्वका क्षेत्रभित्रका जग्गा:-** यो प्रकारको जग्गा सबै वडामा कसैले जोतभोग गरेको नदेखिएको।

**५. प्रकृतिक प्रकोप, विपत व्यवस्थापन र वातवरण संरक्षणको दृष्टिले सुरक्षित गर्न आवश्यक देखिएको जग्गा:-** बुँदा नं. २ अन्तर्गतका वस्तीहरु।

**६. सार्वजनिक जग्गा:-** वडा नं. ३ पत्थरदेइया, वडा नं.७ गेडुवाजोत, गणेशपुर,

**७. नदी, खेला वा नहर किनारको जग्गा:-** वडा नं. ३ पत्थरदैया, महदैया, वडा नं. २ को लहरौला कर्बला माथि, वडा नं. ६ छुटपाटी भाठा, उज्जलपुर, सेमरी, चाफा, वद्धौर,

**८. जोखिमयुक्त स्थानमा बसोवास गरिएको जग्गा:-** वडा नं. ३ रामनगर डेहवा, वडा नं. ६ भाठा, उज्जलपुर, सेमरी, वडा नं. ५ कटनीया, लोनीया टोल,

**९. यस प्रकारको जग्गा नरहेको ।**

**१०. रुख विरुवाले ढाकेको वन क्षेत्र:-** माथि उल्लेखित वाहेकको वन क्षेत्र,

**११. सडक सिमा भित्रको जग्गा:-** वडा नं. २ गुगौली, पडरीया, वडा नं. ३ पत्थरदेइया, वडा नं. ४ जगदिशपुर, वडा नं. ६ खडैचा खुरहुरीया, वडा नं. ७ वडसडवा, मानपुर ,

**१२. कसैको निजि जग्गा:-** वडा नं. २ मौवाबारी, कुकुरभुकुवा, वडा नं. ५ डालपुर, वडा नं. ६ छुटपाटी वगाहा,

**१३. भुउपयोग क्षेत्र वर्गिकरणमा आवास वा कृषिको लागि उपलब्ध गर्न नसकिने जग्गा:-** सबै वडाको माथि उल्लेखित वाहेक सबै ।

**निर्णय नं. २ -** भूमि सम्बन्धी समस्या समाधान आयोग जिल्ला समितिको च.नं. ८ मिति २०७७।११।१४ को पत्र बमोजिम यस गाउँपालिकाको भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीको लगत संकलनको लागि समय अपुग भएकाले लगत संकलनको लागि १५ (पन्ध्र) दिन समय थप गरिदिन हुन जिल्ला समितिसँग अनुरोध गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ३ -** यस गाउँपालिकाको स्वास्थ्य शाखामा नेपाल स्वास्थ्य सेवा, मेडिकल ल्याव टेक्नोलोजी समूह, सहायक चौथो तह, ल्याव असिस्टेण्ट पदमा कार्यरत सौगन्धा थापा मगरले पदबाट दिनुभएको राजिनामा स्विकृत भई रिक्त हुन गएको ल्याव असिस्टेण्ट पदमा पदपूर्तीका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**निर्णय नं. ४-** प्रस्ताव नं. ४ सम्वन्धमा निम्न संस्था/समिति/योजनाहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

तपसिल:-

| क्र.सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सशस्त्र प्रहरी वल नेपाल बोर्डर आउट पोष्ट विजयनगर ५, डालपुर | विजयनगर ५, डालपुर | कार्यालयमा फर्निचर व्यवस्थापन | रु. ५६,५००।- ( छप्पन्न हजार पाँच सय मात्र) | डेलिकेशन, मेला महोत्सव चाड पर्व शिर्षक | |
| २ | ईलाका प्रहरी कार्यालय सुन्दरीडाँडा, कपिलवस्तु | शिवराज-९ | शौचालय मर्मत | रु. ५०,०००।- (पचास हजार मात्र) | मागमा आधारित साना पूर्वाधार कार्यक्रम | |
| ३ | नेपाल मगर संघ लुम्बिनी प्रदेश समिति, नेपाल | लुम्बिनी प्रदेश | राष्ट्रिय जनगणना २०७८ सम्वन्धि राष्ट्रिय मगर जागरण अभियान | रु. ७५,०००।- (पचहत्तर हजार मात्र) | डेलिकेशन, मेला महोत्सव चाड पर्व शिर्षक | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | फरेना शिवरात्री मेला व्यवस्थापन समिति | विजयनगर-६,फरेना | शिवरात्री मेला तथा भण्डारा व्यवस्थापन | रु. २०,०००।- (बिस हजार मात्र) | डेलिकेशन, मेला महोत्सव चाड पर्व शिर्षक | |
| ५ | श्री शिव मन्दिर व्यवस्थापन समिति | शिवराज-१, धानखोला कपिलवस्तु | शिवरात्री मेला तथा पाँचौ सांस्कृतिक कार्यक्रम २०७७ | रु. ५०,०००।- (पचास हजार मात्र) | डेलिकेशन, मेला महोत्सव चाड पर्व शिर्षक | |
| ६ | श्री नोखई थारु | विजयगनर-१, जवावैराठ | औषधोपचार | रु. २०,०००।- (बिस हजार मात्र) | विपन्न नागरिक उपचार उद्धार तथा सहयोग कार्यक्रम | |
| ७ | श्री सुक वहादुर घर्ती | विजयनगर-४, | औषधोपचार | रु. २०,०००।- (बिस हजार मात्र) | विपन्न नागरिक उपचार उद्धार तथा सहयोग कार्यक्रम | |
| ८ | श्री माया देवी बस्नेत | विजयनगर-४, इमिलिखर्क | औषधोपचार | रु. २०,०००।- (बिस हजार मात्र) | विपन्न नागरिक उपचार उद्धार तथा सहयोग कार्यक्रम | |
| ९ | संजय किराना पसल | विजयगनर-३, पत्थरदेइया | आगालागि पिडितलाई खाद्यान्न उपलब्ध गराए बापत | रु. ६,२००।- (छ हजार दुई सय मात्र) | विपद व्यवस्थापन कोष | |